## राइनास नगरपालिका

# दोस्रो नगरसभा

मिति : २०७४।१०।११

उपस्थित सम्पूर्ण निर्वाचित पदाधिकारीहरु, उपप्रमुख , जिल्ला समन्यव समिति सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, कार्यापालिका सदस्यहरु, नगरसभाका सदस्यहरु, सम्पूर्ण कर्मचारी, पत्रकार साथिहरु, आज यस राइनास दोस्रो नगर सभा सुरु गर्न गइरहेका छौ । यस राइनास न.पा. सिमाना पूर्वमा दुधपोखरी गा.पा. पश्चिममा मस्याङ्दी नदी, सुन्दरवजार विरभक्ति थापाको कर्मथलो उत्तरमा दोर्दी गा.पा. र दक्षिणमा चेपे नदी, रहेको ऐतिहासिक धरोहर राइनासकोट नामबाट २०७२ सालमा राईनास न.पा. स्थापना भई हामी आज यो स्थितिमा आई पुगेका छौ । सर्वप्रथम त यस राज्य ब्यावस्थालाई परिवर्तन गरी देश प्रजातन्त्र, गणतन्त्र, र संघीय ब्यावस्थामा परिवर्तन ल्याउन आफ्नो ज्यान आहुति दिनुहुने शहिद प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु र वेपत्ता ब्यक्ति तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभ तथा खोजविनको माग गर्दछु ।

देशको शासन ब्यावस्था परिवर्तन प्रश्चात तीन तहको सरकारी संरचनामा विभाजिन भएको छ । जस अन्तर्गत देश संघ, प्रदेश, र स्थानीय तहमा विभाजित भएको छ । हामी स्थानीय सरकारमा रहेका छौ । जसअनुसार हामीले जनताको अपेक्षाहरुलाई नजिकबाट हेर्ने र जनताका आवश्यकता पुरा गर्ने सु अवसर समेत पाएका छौ । आ.व. २०७४।०७५ को वर्षे सभा राईनास न.पा.का सबै वडामा न्योचित रकमको विनियोजन समेत गरि सकेका छौँ । यस बीचमा आम राईनास बासीको चाहाना अनुसार अन्य विकास योजनाहरुमा यस हिउँदे अधिवेशन मार्फत बजेटको संशोधन तथा थप गरिएको ब्यहोरा सर्वविदितै  छ । राईनास नगरपालिकाको सर्वाङ्गीण विकास गर्न विभिन्न विषयहरुमा आधारित रहेर नीति तथा योजना तर्जुमा गरिनेछ ।

**शिक्षा :**

शिक्षण संस्थालाई स्वरोजगारमुलक प्रविधिक शिक्षा दिन प्रोत्साहित गरिनेछ । देश ब्यापी रुपमा प्रतिस्पर्धा गर्न सक्ने खालको शिक्षा प्रदान गर्न र समग्र शिक्षा क्षेत्रको विकास गर्न सरोकारवालाहरुको राय सल्लाह लिई थप शैक्षिक रणनीतिहरु अगाडि वढाइने छ । सामुदायिक विद्यालयको खस्कदो गुणस्तरलाई सुधार गर्न विद्यालय प्रशासन र ब्यवस्थापन समितिलाई जवाफदेहि वनाइने छ ।

**कृषि :**

समग्र राईनास क्षेत्रको विकास गर्न अव कृषि कान्ति गर्ने वेला आएको छ । राईनासलाई कृषिजन्य उत्पादनमा निर्यातमुखी बनाइनेछ । जसका लागि पशुपालन, माछापालन,

केराखेती, तरकारी खेती, मल, विऊ र अन्य कृषि जन्य उत्पादनमा अनुदानको ब्यावस्था साथै सहुलिएत पूर्ण ऋर्ण उपलब्ध गराउन जोड गरिने छ ।

**स्वास्थ्य :**

यस क्षेत्रमा नगरपालिका स्तरीय अस्पतालको स्थापना गरिनेछ । हाल भएका स्वास्थ्य चौकिहरुको लागि सुविधा सम्पन्न प्रविधी मैत्रि भवन बनाइनेछ । महिला स्वास्थ्य स्वयंसेविकाको सुविधा समयनुकुल थप गर्दै लगिनेछ । समय समयमा विशेषज्ञ सहतिको बृहत स्वास्थ्य शिविर संचालन गरी राईनास बासीलाई विशेषज्ञ सेवा समेत प्रदान गरिनेछ । संस्थागत सुत्केरी सेवा वढाउन मान्यता प्राप्त संस्थामा सुत्केरी गराएमा हाल दिइदै आएको यातयात खर्चमा नगरपालिकाको तर्फबाट थप रकम प्रदान गर्ने ब्यावस्था गरिनेछ ।

**खानेपानी :**

राईनासको नगरबासीको घर घरमा एक घर एक घाराको अवधाराणा ल्याइनेछ । पानीका मुहान नभएका उच्च भागमा लिफ्टीङ प्रविधिबाट खानेपानी उपलब्ध गराइनेछ ।

**विद्युत :**

नगरपालिकाको सम्पूर्ण घर धुरीमा विद्युत पुर्‍याइनेछ । जलविद्युत उत्पादनको लागि सम्भाव्यता अध्ययान गरिनेछ ।

**सिंचाई :**

राईनासको मुटुमा रहेको राईनासटार सिचाई आयोजना पुननिर्माण, हर्राबोट, पाङ्ग्रे सिचाई आयोजनाको विस्तार तथा अन्य कुलाहरुको समेत निर्माण गर्न विशेष पहल गरिनेछ ।

**पर्यटन :**

राईनासकोटलाई पर्यटकीय केन्द्रको रुपमा विकास गरनेछ । प्याराग्लाडिङ, होमस्टे, विभिन्न गुफा तथा मठ मन्दिर, गुम्बा आदिको विकास तथा संरक्षण सम्बर्द्धन गरी आन्तरिक तथा बाह्रय पर्यटक भित्राउन पहल गरिनेछ ।

**यूवा तथा खेलकुद :**

युवाहरुलाई खेलकुद तर्फ आकृर्षित गराई देश विदेशमा पदक जित्न सक्ने प्रतिस्पर्धा बनाइनेछ । विभिन्न खेल मैदान निर्माण, खेल सामाग्राी खरिद तथा विभिन्न प्रतिस्पर्धात्मक खेल प्रतियोगिता आयोजना गरिनेछ ।

**बातावरण तथा विपद ब्यवास्थापन :**

जुनसुकै आयोजना तथा विकास निर्माणको कार्य गर्दा त्यसले पार्ने वातावणिय प्रभाव मूल्याङकन गरेर मात्र आयोजना निर्माण गरिनेछ । विपद ब्यवस्थापन तथा प्रकोप नियन्त्रण गर्न विभिन्न सचेतनात्मक कार्यक्रम तथा भुक्षय नियन्त्रण गर्न बृक्षरोपण, तार जाली आदिको ब्यवस्था गरिनेछ ।

**आर्थिक सामाजिक विकास :**

समग्र राईनासको आर्थिक सामाजिक विकास गर्न जनतलाई विभिन्न आयआर्जन क्रियाकलाप सहकारी मार्फत गर्न पोत्साहन गरिनेछ । जनताको आम्दानी बढाउन घरेलु तथा साना उद्योग खोल्न प्रोत्साहन गर्ने र सहकारी मार्फत उत्पादन भएका वस्तुको वजार ब्यावस्थापन गर्न पहल समेत गरिनेछ । निर्वाह - मुखी नभई ब्यवसाय - मुखी बन्न जनतालाई विभिन्न समय समयमा तालिम तथा अवलोकन भ्रमण गर्ने अवसर प्रदान गरिनेछ ।

**सडक यातयात :**

पुष्पलाल मध्यपहाडी लोक मार्ग राईनास न.पा.को वडा नं. ६, ७ र ८ हुदै जाने भएकोले यस लोक मार्ग मार्फत नगरपालिकाको पूर्व पशिचम नेपाल समेत जोडिने छ । जसले गर्दा समग्र राईनासको नै जीवनस्तर उकास्न सहयोग पुग्ने देखिन्छ । हर्राबोट मोहोरीयाकोट प्यारजुङ धमिलीकुवा बोराङखोला  प्यारजुङ राईनास चक्रपथ निर्माण गरिनेछ । राइनास न.पा. भरि रहेका अन्य मुख्य मार्ग तथा कृषि सडकहरुको स्तरोनति गरिनेछ ।

**वित्तिय ब्यवस्थापन र शुशासन :**

नगरपालिकाको सेवा प्रवाह समयनुसार सुचना र प्रविधि मैत्रि बनाउँदै लगिनेछ । जन अपेक्षा अनुसार सार्वजनिक सेवा प्रवाह जन गुनासो नआउने गरी गरिनेछ । नगरपालिकाको आम्दानि तथा खर्चको हिसा किताब चुस्त दुस्त राखी लेखापरिक्षण गराइनेछ । बेरुजु आउन दिइने छैन । नगरपालिकाको आन्तरिक आम्दानिको स्रोतहरु बढाउदै लगिनेछ । र अन्त्यमा

राईनास नगरबाट देशको विभिन्न भागमा रहि उच्च ओहोदामा भएका ब्यक्तिहरु विभिन्न सरकारी गैरसरकारी संघ संस्थामा क्रियाशिल ब्यक्तिहरुसंग छलफल गरी बृहत नगर विकास गुरुयोजना तयार गरी आगामी बर्षको बजेट विनियोजित गरी विकास निर्माण कार्यलाई तिब्रता दिइने छ ।

**प्रस्तावहरु**

१. कानुन निर्माण

(क) नगरसभा संचालन कार्यविधि

(ख) आर्थिक कार्यविधि नियमित तथा व्यवस्थापन गर्न बनेको कानून

(ग) नगर कार्यपालिका (कार्य विभाजन) नियमावली

२. चालु आ.व. ०७४।०७५ को योजना / कार्यक्रम संशोधन तथा परिमार्जन

३. योजना / कार्यक्रम कार्यान्वयनको नीतिगत व्यवस्था ।

४. आगामी आ.व. ०७५।०७६ का लागि योजना तर्जूमा मार्गदर्शन ।

५. विविध ।

........................

सिंह बहादुर थापा

(प्रमुख)